October 7, 2016

आदरणिय माता-पिता तथा अभिभावक ज्यू,

तपाईंलाई असर गर्ने सूचना अद्यावधिक गरेको पक्को गर्ने उद्देश्यले हामी स्कूल ढिलाइ तथा समय-तालिका फेरबदलबारे ताजा जानकारी दिन र विद्यार्थी तथा परिवारहरूलाई बाटोमा सुरक्षित राख्ने प्रक्रियाको जानकारी दिन यो लेखिरहेका छौं । स्कूल शुरू हुने बिहान विद्यार्थीलाई सुरक्षित रूपमा र समयमै स्कूल ल्याउने हाम्रो क्षमता प्रभावित हुने प्रतिकूल मौसमको परिस्थितिहरू आउँदा "पहिचान गरिएका स्कूलहरूमा मौसमका कारण हुने ढिलाइ" कार्यान्वयनमा आउने छ ।

यो प्याकेट (पोका) मा मौसम ढिलाइ तालिका प्रक्रियाको विस्तृत रूपरेखा, सञ्चार प्रक्रियाबारे जानकारी, र तपाईंलाई सूचित गर्न प्रयोग गरिने उपायहरू समेटिएको छ । तपाईंको नानी पढ्ने स्कूल मौसम-प्रभावित स्कूलका रूपमा पहिचान गरिएकामध्ये परेकाले तपाईंले यो स्कूल ढिलाइ हुने सूचना पाइरहनु भएको छ । प्रभावित स्कूलहरूको पूरा सूचीका लागि कृपया यो वेबसाइट weather.dpsk12.org मा हेर्नुहोस् ।

मौसमका कारण हुने ढिलाइको उद्देश्य स्कूलहरू बिहान ८:३० बजे वा त्योभन्दा ढिलो शुरू गर्ने गरी बसहरूलाई स्कूल आइपुग्न ६० मिनेट थप समय दिनु हो । यो कार्यान्वयनले विद्यार्थीलाई खराब मौसमबाट टाढै रहन तथा यातायात बन्दोबस्तलाई सुरक्षित रूपमा स्कूलसम्म विद्यार्थी ल्याउन थप समय दिने बाटो पनि खोलीदिन्छ ।

थप स्रोतहरू यो वेबसाइट weather.dpsk12.org मा पाउन सकिन्छ ।

विद्यार्थीलाई पहिलो प्राथमिकतामा राख्ने आवश्यकताप्रति तपाईंको नियमित सहायता तथा सहकार्यका लागि धन्यवाद । हामीले सुगम र सुरक्षित हिउँदको आशा गरेका छौं । केही प्रश्न वा जिज्ञासा भए, कृपया यो इमेलमा transportation@dpsk12.org मा सम्पर्क गर्न धक नमान्नुहोस् ।

भवदिय,

**निकोल पोर्टि (Nicole Portee)**
**यातायातका कार्यकारी निर्देशक**
**डेनभर पब्लिक स्कूल्स**